सुदूरपश्चिम विश्वविद्यालय

# मानविकी तथा सामाजिक शास्त्र सङ्काय

स्नातक अनिवार्य नेपाली

**पाठ्यांश शीर्षकः वर्णविन्यास, शब्दभण्डार र व्याकरण**

| | |
|---|---|
| विषय संकेत नं. : **CNEP 101** | पूर्णाङ्क : १०० |
| विषयको प्रकृति : सैद्धान्तिक | उत्तीर्णाङ्क : ४५ |
| तहः स्नातक | क्रेडिट आवरः ३ |
| सत्र : पहिलो | जम्मा पाठघण्टा : ४५ |

---

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश चारबर्से स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा नेपाली भाषाको मानक उच्चारण र वर्णविन्यासको पहिचान गर्ने क्षमताका साथै नेपाली व्याकरणको ज्ञान तथा लेख्य नेपालीमा प्रयुक्त विविध रचना कौशलको विकास गर्नका लागि तयार गरिएको हो । यसमा नेपाली भाषाको कथ्य स्वरूप र लेख्य वर्णविन्यास, वाक्यतत्त्वपरक रचना, वाक्यान्तरण र वाक्यसंश्लेषणसम्बन्धी विशिष्ट क्षमताको विकास गर्ने पाठ्यवस्तुहरू समावेश गरिएका छन् ।

## २. उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन्:

क) कथ्य र लेख्य नेपालीको स्वरूप पहिल्याई त्यसका मानक वर्णविन्यासको प्रयोग गर्न
ख) शब्दभण्डारगत शब्दस्रोत, शब्दवर्ग र शब्दनिर्माण प्रक्रिया पहिल्याउन
ग) वाक्यतत्त्वको पहिचान र विश्लेषण गर्न
ख) विभिन्न शैलीमा वाक्यतत्त्वपरक अनुच्छेद रचना गर्न र तिनको वाक्यान्तरण गर्न
घ) विभिन्न वाक्यमा व्यक्त छोटो सङ्कथनलाई एकल वाक्यमा संश्लेषण गर्न ।

## ३. एकाइ विभाजन

एकाइ क : अक्षरीकरण र वर्णविन्यास
एकाइ ख : शब्दभण्डार
एकाइ ग : वाक्यतत्त्वपरक रचना र वाक्यान्तरण
एकाइ घ : वाक्यसंश्लेषण

## ४. एकाइगत पाठ्यवस्तु विवरण

**एकाइ (क)** नेपाली शब्दहरुको अक्षरीकरण र वर्णविन्यास — पाठ.घ. १०

**क.१. नेपाली शब्दहरूको** अक्षरीकरण

क.२. नेपाली वर्णविन्यास (ह्रस्वदीर्घ, श ष स, ब व, य ए, ज्ञ ग्यँ, क्ष छे, पदयोग, पदवियोग तथा लेख्यचिह्नको प्रयोग र अभ्यास)

**एकाइ (ख) नेपाली शब्दभण्डार** **पा.घ. १०**

ख.१. शब्दस्रोतगत वर्गीकरण (तत्सम, तद्भव र आगन्तुक)

ख.२. शब्दवर्ग

विकारी : नाम, सर्वनाम, विशेषण र क्रिया

अविकारी/अव्यय : नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक

ख.३. शब्दनिर्माण प्रक्रिया : उपसर्ग, प्रत्यय, समास र द्वित्वद्वारा शब्दनिर्माण

ख.४. नेपाली वर्णानुक्रम र कोशीय प्रविष्टिको पहिचान र प्रायोगिक अभ्यास

**एकाइ ग. वाक्यतत्त्वपरक रचना र वाक्यान्तरण** **पा.घ. १५**

ग.१ वाक्यतत्त्व : उद्देश्य र विधेय (उद्देश्यविस्तार तथा विधेयविस्तारसहित)

ग.२ वाक्यतत्त्वपरक रचना : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य तथा करणअकरणका आधारमा सङ्गतिपूर्ण वाक्यरचनाको अभ्यास

ग.३ वाक्यान्तरण : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य तथा कथन (प्रत्यक्ष-अप्रत्यक्ष)सँग सम्बद्ध वाक्यान्तरणको अभ्यास

**एकाइ घ. वाक्यसंश्लेषण** **पाठघण्टा १०**

घ.१ सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण

घ.२ सरल वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

घ.३ सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण

## ५. सन्दर्भ सामग्री

मोहनराज शर्मा, **नेपाली सन्दर्भपरक व्याकरण**, नेपाल प्रज्ञा प्रतिष्ठान, २०७५ ।

रमेशप्रसाद भट्टराई र प्रेमप्रसाद चौलागाईं, **प्रज्ञा शैक्षणिक व्याकरण**, नेपाल प्रज्ञा प्रतिष्ठान, २०७७ ।

व्रतराज आचार्य र देवीप्रसाद गौतम, **विशेष नेपाली : प्रयोजनपरक बोध र लेखन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार,२०६१ ।

सोमनाथ सिग्द्याल, **मध्यचन्द्रिका**, साझा प्रकाशन ।

हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली व्याकरण**, साझा प्रकाशन, ललितपुर, २०६७ ।

# अनिवार्य नेपाली

सुदूरपश्चिम विश्वविद्यालय

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

स्नातक अनिवार्य नेपाली

## बोध, अभिव्यक्ति र रचना

| | |
|---|---|
| विषय सङ्केत नं. CNEP 121.1 | पूर्णाङ्क : १०० |
| विषयको प्रकृति : सैद्धान्तिक | उत्तीर्णाङ्क : ४५ |
| तहः स्नातक | क्रेडिट आवरः ३ |
| सत्र : दोस्रो | जम्मा पाठ्यघण्टा : ४५ |

---

### १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांशचारबर्से स्नातकतहमाअध्ययनगर्ने विद्यार्थीहरुलाई नेपालीभाषामा सम्प्रेषण कौशलको विकास गर्न तयार पारिएको हो । यसबाट नेपालीवाङ्मयकाविभिन्न क्षेत्रकागद्यांशको पठनबोध, शब्दभण्डार तथाबुँदाटिपोट, सङ्क्षेपीकरण र प्रयोजनपरक विषयकेन्द्रीअभिव्यक्तिका साथै निबन्ध र प्रतिवेदन लेखन क्षमताको विकास हुने अपेक्षागरिएको छ ।

### २.उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखितअनुसार भाषिकसिपआर्जन गर्न सक्षम हुनेछन् :

(क) नेपालीवाङ्मयकाविविध क्षेत्रकागद्यांशहरु पढी तिनमाआधारित बोधप्रश्नहरूको उत्तर दिन,

(ख) पठित गद्यांशहरूमाप्रयुक्तशब्दहरुको स्रोत, वर्ग, बनोट तथा अर्थको पहिचानगर्न,

(ग) सम्बद्ध गद्यांशको बुँदाटिपोट र सङ्क्षेपीकरण गर्न,

(घ) पाठ वा पाठांशको विषयवस्तुमाआधारित भई स्वतन्त्र अनुच्छेदमाअभिव्यक्तिदिन,

(ङ) विभिन्नविषयमाआत्मपरक तथा वस्तुपरक निबन्धलेख्न,

(च) विभिन्नप्रयोजनकालागि व्यावहारिक लेखन गर्न रप्रतिवेदनतयार गर्न ।

### ३. एकाइ विभाजन

एकाइ क) पठनबोध

एकाइ ख) बुँदाटिपोट, सङ्क्षेपीकरण र प्रतिवेदन-लेखन

एकाइ ग) संसक्तिमूलक अनुच्छेदरचना र निबन्धलेखन

एकाइ घ) व्यावहारिक लेखन

एकाइ ङ) साहित्यिक रचनाहरूको आस्वादन तथा समीक्षा

### ४. एकाइगत पाठ्यवस्तु विवरण

**एकाइ क) पठनबोध** पा.घ. ९

नेपाली वाङ्मयका साहित्य, संस्कृति, विज्ञानप्रविधि, अर्थव्यवस्था, सञ्चार, दर्शन, स्वास्थ्य, वातावरण, खेलकुद तथा समाजविज्ञान क्षेत्रका दृष्टांश तथा अदृष्टांश पाठ्यांशको पठनबोध र बोधात्मक प्रश्नोत्तरको अभ्यास ।

**एकाइ ख. बुँदाटिपोट, सङ्क्षेपीकरण र प्रतिवेदन-लेखन** पा.घ. ७

ख.१. निर्धारित अनुच्छेदबाट बुँदाटिपोटको अभ्यास
ख.२. निर्धारित अनुच्छेदबाट सङ्क्षेपीकरणको अभ्यास
ख.३.विभिन्न घटना, समारोह, भ्रमण, निरीक्षणमा आधारित प्रतिवेदन लेखनको अभ्यास

**एकाइ ग. संसक्तिमूलक अनुच्छेद रचना र निबन्धलेखन** पा.घ. ६

ग.१. व्याकरणिक तथा कोशीय संसक्तिमूलक अनुच्छेद रचनाको अभ्यास
ग.२. वस्तुपरक तथा आत्मपरक निबन्धलेखनको अभ्यास

**एकाइ घ. व्यावहारिक लेखन** पा.घ.७

ङ.१. व्यक्तिगत चिठी, निवेदन तथा सम्पादकलाई चिठीलेखनको अभ्यास
ङ.२. विज्ञापन, शुभकामना, निमन्त्रणापत्र, बधाई तथा श्रद्धाञ्जलि लेखनको अभ्यास
ङ.३. व्यक्तिवृत्त(बायोडाटा) लेखनको अभ्यास

**एकाइ ङ. साहित्यिक रचनाहरूको आस्वादन तथा समीक्षा** पा.घ. १६

ङ.१. कविता

क. लक्ष्मीप्रसाद देवकोटा र उनको ‘यात्री’ कविता

ख. भूपी शेरचन र उनको ‘घण्टाघर’ कविता

ग. मञ्जु काँचुली र उनको ‘सहिदप्रति’ कविता

घ. रामचन्द्र भट्टराई र उनको ‘फूल’ कविता

ङ.२. कथा

क. विजय मल्ल र उनको ‘अन्तिम भोज’ कथा

ख. राजेन्द्र विमल र उनको ‘ऐजेरू’ कथा

ग.हरिहर खनाल र उनको ‘सहरको रङ्ग’ कथा

घ. रामलाल जोशी र उनको ‘पापीघाट’ कथा

ङ.३. निबन्ध

क. लक्ष्मीप्रसाद देवकोटा र उनको ‘आषाढको पन्ध्र’ निबन्ध

ख. भैरव अर्याल र उनको ‘टाउको’ निबन्ध

ग.राजेन्द्र सुवेदी र उनको ‘म हुँ औला नकाटिएको एकलव्य’ निबन्ध

## ३. पाठय तथा सन्दर्भसामग्री


अनिवार्य नेपाली विषयसमिति, **त्रि.वि. अनिवार्य नेपाली शिक्षण निर्देशिका**,साझा प्रकाशन,ललितपुर, २०६६ ।

चूडामणिबन्धु, सम्पा. **साझा कविता**, नवौं संस्क., साझा प्रकाशन,ललितपुर, २०६७ ।

भैरव अर्याल, **भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्ध**,साझाप्रकाशन,ललितपुर ।

मोहनराज शर्मा र राजेन्द्र सुवेदी, सम्पा. **समसामयिक साझा कथा**,साझा प्रकाशन,ललितपुर, २०६० ।

राजेन्द्र सुवेदी, **म हुँ औला नकाटिएको एकलव्य**, पाठ्यसामग्री पसल,काठमाडौँ २०६१

रामलाल जोशी, **ऐना**, बुक हिल, काठमाडौँ,२०७२

लालानाथ सुवेदी,**नेपाली बोध र रचनाकौशल**, हिमालय बुक स्टल, काठमाडौँ,२०६१ ।

लक्ष्मणप्रसाद गौतम र नेत्र एटम, सम्पा., **प्रज्ञा आधुनिक नेपाली कविता**, नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ, २०७४ ।

लक्ष्मणप्रसाद गौतम र इस्माली, सम्पा., **प्रज्ञा आधुनिक नेपाली कथा**, नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ, २०७२ ।

लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह**,साझा प्रकाशन,ललितपुर ।

विजय मल्ल, **एक बाटो अनेक मोड**, तेस्रो संस्क. साझा प्रकाशन,ललितपुर, २०३९ ।

व्रतराज आचार्य र देवीप्रसाद गौतम,**विशेष नेपाली : प्रयोजनपरक बोध र लेखन**, विद्यार्थी पुस्तक भण्डार,काठमाडौँ २०६१ ।

हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपालीशब्दकोश**, दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार,काठमाडौँ २०६९ ।